# आर्थिक वर्ष २०७९/०८० को

# **बजेट तथा कार्यक्रम**

मष्टा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

सुदूरपश्चिम प्रदेश

छैठौं गाउँ सभाका सभाध्यक्ष महोदय,उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी ज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरु

यस गाउँपालिकाको सर्वाङ्गीण विकास गरी **समृद्ध गाउँपालिका र सुखी गाउँवासी** बनाउने लक्ष्यका साथ

**आर्थिक बर्ष २०७९।०८० को बजेटको उद्धेश्यहरु यस प्रकार रहेका छन् ।**

- गाउँपालिका भित्र सडक यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज बनाउन ।
- स्वच्छ खानेपानी, स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास, गुणस्तरीय शिक्षामा जोड दिई समग्र मानव विकासको स्तरमा सुधार गर्नु ।
- आधारभूत स्वास्थ्य सेवा, आधारभूत शिक्षालाई गुणस्तरीय बनाई स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्नु ।
- कृषि तथा पशुपालन क्षेत्रको व्यवसायिकरण गरी स्वरोजगारी सृजना गर्ने ।
- सार्वजनिक सेवालाई प्रभावकारी बनाई जनतालाई सुशासनको प्रत्याभूति दिनु ।
- लक्षित वर्गहरुको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक सामावेशीकरणको विकास गर्नु।

**आ.व. २०७८।०७९ को बजेटको प्रथामिकरण**

क) सडक तथा यातायात

ख) शिक्षा, स्वास्थ्य तथा सरसफाइ

ग) कृषि तथा पशुसेवा क्षेत्रको विकास र विस्तार

घ) वन, वतावरण तथा विपद व्यवस्थापन

ङ) प्रभावकारी सार्वजनिक सेवा प्रवाह र सुशासनमा जोड

**बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति र आधारहरु**

- नेपालको संविधान
- बजेट तर्जुमा दिग्दर्शन, २०७५

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- उपलब्ध श्रोत तथा साधानहरु
- जनताका माग तथा आवश्यकताहरु

**सभाध्यक्ष महोदय,**

अब म आ.व.२०७७/०७८ को यथार्थ क्षेत्रगत बजेट र खर्चको विवरण पेश गर्न चाहान्छु ।

आ.व.२०७७/०७८ मा विनियोजित रु. ४२ करोड २ लाख २१ हजार मध्ये रु ३१ करोड २४ लाख २६ हजार ५ सय २२ पैसा ९ खर्च भएको थियो ।विनियोजित रकमको खर्च ७४ दशमलव ३४ प्रतिशत हुन आउन्छ । आर्थिक विकास तर्फ रु ३ करोड ४२ लाख विनियोजन भएकोमा ३ करोड १८ लाख ३३ हजार ७ सय ८४ रुपियाँ २० पैसा खर्च भएको थियो ।कुल बजेटको आर्थिक विकास तर्फ ९३ दशमलव ०८ प्रतिशत खर्च भएको हुन आउछ । कुल बजेट रु.१६ करोड ५९ लाख २१ हजार ७ सय ३१ रुपियाँ २५ पैसा सामाजिक विकास तर्फ विनियोजित भएकोमा रु. १६ करोड २ लाख ४८ हजार ९ सय ९५ पैसा ६५ खर्च भएकव थियो ।जुन ९६. ५८ प्रतिशत हुन आउछ । त्यसैगरी पूर्वाधार विकास तर्फ ११ करोड ४५ लाख ८७ हजार ८ सय विनियोजित बजेट मध्ये ११ करोड ७४ लाख ६० हजार ६ सय ६० रुपैयाँ खर्च भएको थियो ।रु.२ करोड ४५ लाख ८१ हजार ८० सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजित भएको रकम मध्ये १ करोड ९२ लाख ७७ हजार ३ सय ३ रुपैयाँ खर्च भएको थियो ।कार्यालय सञ्चालन तथा प्रशासनिक ब्यवस्था तर्फ विनियोजित रकम रु.७ करोद ३० लाख ९१ हजार ४४ पैसा ७४ मध्ये ६ करोड १४ लाख ७ हजार २ सय १५ पैसा २६ खर्च भएको थियो ।

यसै गरी आर्थिक बर्ष २०७८/०७९ को चालु बजेटको प्रगति समिक्षा गर्ने अनुमति चाहान्छु ।

आ.व.२०७८/०७९ मा कुल ४२ करोड २ लाख २१ हजार विनियोजित भएकमा २०७९ साल जेठ मसान्त सम्म रु ३१ करोड २४ लाख २६ हजार ५ सय २२ पैसा ९ खर्च भएको छ जुन ७४ दशमलव ३४ हुन आउन्छ । आर्थिक विकास तर्फ रु १ करोड ३९ लाख ६६ हजार विनियोजन भएकोमा १ करोड १७ लाख ९७ हजार ३ सय ६६ रुपियाँ खर्च भएको थियो ।कुल

बजेटको आर्थिक विकास तर्फ ८४ दशमलव ४७ प्रतिशत खर्च भएको हुन आउछ । कुल बजेट रु.२० करोड २८ लाख ९० हजार सामाजिक विकास तर्फ विनियोजित भएकोमा रु. १४ करोड ५४ लाख ६५ हजार ७ सय २९ पैसा २७ खर्च भएको छ।जुन ७१.७० प्रतिशत हुन आउछ । त्यसैगरी पूर्वाधार विकास तर्फ १० करोड ४९ लाख १३ हजार विनियोजित बजेट मध्ये ७ करोड ४६ लाख १४ हजार ९४ रुपैयाँ खर्च भएको छ ।रु.१ करोड ६६ लाख ९२ हजार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजित भएको रकम मध्ये १ करोड ३५ लाख ४१ हजार ९ सय ४७ रुपैयाँ खर्च भएको छ।कार्यालय सञ्चालन तथा प्रशासनिक ब्यवस्था तर्फ विनियोजित रकम रु.८ करोड १७ लाख ६० हजार मध्ये ६ करोड ७० लाख ७ हजार ३ सय ८५ पैसा १० खर्च भएको छ ।गाउँपालिकाको आन्तरिक आयको लक्ष्य रु १५ लाख निर्धारण गरिएकोमा ८ लाख ६ हजार संकलन भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०७९/०८० को प्रस्तावित बजेट र खर्चको अनुमानित आय ब्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न गइरहेको छु ।

आ.व.२०७९/०८० मा कुल ४२ करोड ४ लाख ८६ हजार विनियोजिन गरेको छु जुन खर्च आम्दानीको स्रोत संघीय शसर्त अनुदान, प्रदेश शसर्त अनुदान समानिकरण,राजश्व बाडफाँड,विशेष अनुदान,समपुरक अनुदान र गाउँपालिकाको आन्तरिक स्रोतबाट ब्यहोरीने छ ।यस आ.व. मा गाउँपालिकाको आन्तरिक आम्दानी रु.१७ लाख अनुमान गरिएको छ । बजेट लाई क्षेत्रगत रुपमा बाडफाँड गर्ने ब्यवस्था मिलायको छु ।कृर्षि, पशुसेवा, उद्योग र प्रर्यटन विकासका लागि पक्षहरु समेटी आर्थिक विकास तर्फ रु १ करोड ६९ लाख ६५ हजार विनियोजन गरेको छु । त्यसै गरि सामाजिक विकासमा स्वास्थ्य, शिक्षा, पञ्जिकरण, बहुक्षेत्रिय पोषण, महिला बालबालिका तथा जेष्ठ नागरिक र स्व रोजगार कार्यक्रम समेटी रु २० करोड २८ लाख खर्च हुने अनुमान गरिएको छ ।पूर्वाधार विकास तर्फ रु १० करोड ११ लाख बिनियोजन गरेको छु ।यसका साथै शुसासन तथा क्षमता विकासका लागि रु १ करोड ६१ लाख ९२ हजार १ सय २० बिनियोजन गरेको छु । कार्यालय सञ्चालन तथा प्रशासनिक व्यवस्थापन तर्फ कुल रु ८ करोड ३४ लाख २८ हजार ८ सय ८० बिनियोजन गरेको छु ।

अन्तमा नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नमा सहयोग सल्लाह र सुझाब प्रदान गर्नु हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति, गाउँपालिकाका अध्यक्ष ज्यू, सहयोग गर्नु हुने सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यापालिकाका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दल, बजेटमा अमूल्य सुझाव प्रस्तुत गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत ज्यू, विषयगत शाखाका शाखा प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु लगायत यस गाउँपालिकाका सम्पूर्ण कर्मचारी ज्यूहरु, गाउँपालिका अन्तर्गतका सबै सरकारी तथा गैर सरकारी कार्यालय र संघ संस्थाका प्रमुख ज्यूहरु, नागरिक समाज, पत्रकार सुरक्षा कर्मी र गाउँपालिका बासी सम्पूर्ण आमा बुवा, दिदी बहिनी, दाजुभाइहरु सबैलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**धन्यबाद, नमस्कार**

# मष्टा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय भातेखोला, बझाङ्ग

## क्षेत्रगत बजेट तथा खर्च

आ.व २०७७/७८ को यथार्थ आम्दानी र खर्च

| सि.न | क्षेत्र | विनियोजन | खर्च | खर्च % |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | **३ करोड ४२ लाख** | **३ करोड १८ लाख ३३ हजार ७ सय ८४ पैसा २०** | ९३.०८% |
| २ | सामाजिक विकास | **१६ करोड ५९ लाख २१ हजार ७ सय ३१ पैसा २५** | **१६ करोड २ लाख ४८ हजार ९ सय ९५ पैसा ६५** | ९६.५८% |
| ३ | पुर्वाधार विकास | **११ करोड ४५ लाख ८७ हजार ८ सय** | **१ करोड ७४ लाख ६० हजार ६ सय ६० पैसा ३** | ९३.७८% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | **२ करोड ४५ लाख ८१ हजार ८०** | **१ करोड ९२ लाख ७७ हजार ३ सय ३** | ७८.४२% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | **७ करोड ३० लाख ९१ हजार ४४ पैसा ७४** | **६ करोड १४ लाख ७ हजार २ सय १५ पैसा २६** | ८४.०१% |
| कुल जम्मा | | **४१ करोड २३ लाख ८१ हजार ६ सय ५५ पैसा९९** | **३८ करोड २ लाख २७ हजार ९ सय ५८ पैसा १४** | ९२.२% |

# मष्टा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय भातेखोला, बझाङ्ग

क्षेत्रगत बजेट तथा खर्च

आ.व २०७८/७९ को चालु आम्दानी र खर्च

| सि.न | क्षेत्र | विनियोजन | खर्च | खर्च % |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | **१ करोड ३९ लाख ६६ हजार** | **१ करोड १७ लाख ९७ हजार ३ सय ६६ पैसा ७२** | ८४.४७% |
| २ | सामाजिक विकास | **२ करोड २८ लाख ९० हजार** | **१४ करोड ५४ लाख ६५ हजार ७ सय २९ पैसा २७** | ७१.७% |
| ३ | पुर्वाधार विकास | **१ करोड ४९ लाख १३ हजार** | **७ करोड ४६ लाख १४ हजार ९४** | ७१.१२% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | **१ करोड ६६ लाख ९२ हजार** | **१ करोड ३५ लाख ४१ हजार ९ सय ४७** | ८१.१३% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | **८ करोड १७ लाख ६० हजार** | **६ करोड ७० लाख ७ हजार ३ सय ८५ पैसा १०** | ८१.९६% |
| ६ | आन्तरिक राजश्व | | | |
| कुल जम्मा | | **४२ करोड २ लाख २१ हजार** | **३१ करोड २४ लाख २६ हजार ५ सय २२ पैसा ९** | ७४.३४% |

सभाका सदस्यज्यूहरु,

अब म यस गाउँपालिकाको आ.व. २०७९।०८० का मुख्य योजना कार्यक्रम र बजेट विनियोजनको अनुमति चाहान्छु ।

यस गाउँपालिकाले आ.व. २०७९।०८० का लागि नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न कुल जम्मा रु ४० करोड ९९ लाख ६ हजार खर्च व्योहोर्ने श्रोत रहेको छ । कुल विनियोजित बजेटमध्ये चालु तर्फ रु. २९ करोड ८४ लाख ५७ हजार ५०० सय अर्थात ७२.८१ प्रतिशत र पुँजीगत तर्फ रु ११ करोड १४ लाख ४८ हजार ५ सय अर्थात २७.१९ प्रतिशत हुन आउँछ ।

## आ.व. २०७९।०८० को बजेट विनियोजन

| क.सं. | क्षेत्र | आ.व.०७७/०७८ यथार्थ | आ.व.०७८/०७९ को अनुमानित | | प्रतिशत | आ.व.०७९/०८० को प्रस्तावित | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | संसोधित अनुमान | जेठ मसान्त सम्मको खर्च | | | |
| १ | चालु तर्फ | २१,९९,४०,१३० | | | | २९८४५७५०० | ७२.८१ |
| २ | पूँजिगत तर्फ | १३,०४,००००० | | | | १११४४८५०० | २७.१९ |
| | **जम्मा** | ३५०३४०१३० | | | | ४०९९०६००० | १०० |

**धन्यवाद, नमस्कार**